# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १६ फागुन १३, २०८०

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/११/१३ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | ४२ औं राष्ट्रिय मगर दिवसको अवसरमा गुल्मीदरबार गाउँपालिका तथा मातहतका सम्पूर्ण वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, विद्यालयहरु एवं सार्वजनिक संघ संस्थाहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिकाबाट Heifer मार्फत सञ्चालन भएको अध्यक्ष युवा उद्यम कार्यक्रम र वंगुर प्रबर्द्धन कार्यक्रमको रकम सम्पन्न भएका कार्यक्रमको बिलभरपाई सहित भुक्तानीलागि पेश भएका फाईलको आधारमा भुक्तानी गर्ने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिकाको १४औं गाउँसभाको दोस्रो बैठक मिति २०८०/११/३० गते अपरान्ह १.०० बजे राख्ने निर्णय गरियो । |
| ५ | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका , २०८० बमोजिम लुम्बिनी प्रदेश सरकारद्वारा मिति २०८० माघ १५ गते प्रकाशित सूचना बमोजिम यस गुल्मीदरबार गाउँपालिकाको नवप्रवर्तन कार्यक्रम फलफूल तथा तरकारी खेती प्रवर्दन कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि सहजीकरण गर्ने निर्णय गरियो । |
| ६ | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका , २०८० बमोजिम लुम्बिनी प्रदेश सरकारद्वारा मिति २०८० माघ १५ गते प्रकाशित सूचना बमोजिम यस गुल्मीदरबार गाउँपालिकाको नवप्रवर्तन कार्यक्रम तरकारी तथा फलफूल खेती प्रवर्द्धन परियोजना सञ्चालनको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो । |
| ७ | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका , २०८० बमोजिम लुम्बिनी प्रदेश सरकारद्वारा मिति २०८० माघ १५ गते प्रकाशित सूचना बमोजिम यस गुल्मीदरबार गाउँपालिकाको नवप्रवर्तन कार्यक्रम फलफूल तथा तरकारी खेती प्रवर्दन कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि आवश्यक पर्ने कुल रकमको ३०% कुने लागत साझेदारी रकमको सुनिश्चित गर्ने निर्णय गरियो । |
| ८ | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका , २०८० बमोजिम लुम्बिनी प्रदेश सरकारद्वारा मिति २०८० माघ १५ गते प्रकाशित सूचना बमोजिम यस गुल्मीदरबार गाउँपालिकाको नवप्रवर्तन कार्यक्रम फलफूल तथा तरकारी खेती प्रवर्दन कार्यक्रम सञ्चालन यस गाउँपालिकामा सम्पन्न भए पछि पनि उक्त कार्यक्रमलाई निरन्तरता दिनका लागि आवश्यक बजेटको व्यवस्था गाउँपालिकाले गर्ने निर्णय गरियो । |
| ९ | लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयको मिति २०८०/११/०८ को विशेष अनुदानका आयोजना प्रस्ताव गर्ने विषयको सूचना र बिशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६ ( पहिलो संशोधन, २०८० समेत) बमोजिम यस गुल्मीदरबार गाउँपालिकाका बिशेष अनुदानबाट सञ्चालन हुने तपशिलका योजनाहरु स्वीकृतीका लागि लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयमा पेश गर्ने निर्णय गरियो । |

तपशिलः

| सि.नं. | आयोजनाको नाम | ठेगाना | लागत अनुमान |
|---|---|---|---|
| १ | बलिथुम खानेपानी मर्मत संभार | गुल्मीदरबार-१ | ११४६६९२ |
| २ | काभ्रेपोखरी मा.वि.खेल मैदान निर्माण | गुल्मीदरबार-२ | ११११०१४ |
| ३ | नुनथला खानेपानी योजना | गुल्मीदरबार-३ | २२१३७७७ |
| ४ | कभर्ड हल निर्माण | गुल्मीदरबार-४ | १८५६२९७ |
| ५ | गौरीपोखरा खेलमैदान निर्माण | गुल्मीदरबार-५ | ११५४४२३ |
| ६ | खानेपानी योजना तथा टंकी निर्माण | गुल्मीदरबार-६ | ११४८०३५ |
| ७ | ठूलोपोखरा बट्टाँडा दोमै कृषि सडक निर्माण | गुल्मीदरबार-७ | २८२०८५४ |

| | | | |
|---|---|---|---|
| ८ | रैनादी लुम्की जुभुङ्ग जोड्ने कृषि सडक | गुल्मीदरबार-१ | १४९९४२८ |
| ९ | कभर्ड हल निर्माण | गुल्मीदरबार-२ | ३३३११११ |
| १० | राजा देविस्थान पाटीडाँडा सिरुखर्क देखि भल्के जाने कृषि सडक | गुल्मीदरबार-३ | २५१६०८३ |
| ११ | गाउँपालिकास्तरीय खेलमैदान निर्माण | गुल्मीदरबार-४ | ११८१५८९ |
| १२ | ग्वालिनचौर खिल्यान गण्डकी दोबाटो कृषि सडक | गुल्मीदरबार-५ | २८२०८५४ |
| १३ | दोबाटा भर्लारुख पेखनपोखरा देखि रेसुङ्गा नगरपालिका जोड्ने कृषि सडक | गुल्मीदरबार-६ | २४९३१५२ |
| १४ | डुम्रिपोखरा देखि खिर्तिप जाने कृषि सडक | गुल्मीदरबार-७ | २४९३४२० |
| १५ | शिवपुरी गौशाला निर्माण | गुल्मीदरबार-१ | ११४८२१७ |
| १६ | वास योजना निर्माण | | १५००००० |

| | |
|---|---|
| १० | गाउँपालिकाबाट सञ्चालन हुने समपुरक योजनाहरुको ठेक्का भइ सम्झौता समेत भएको हुँदा घटेको रकमको सोही योजनाहरुको चेन एज(Chain Eage) फरक पर्ने गरि पुन बोलपत्र आव्हान गर्ने निर्णय गरियो । |
| ११ | गुल्मीदरबार गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकीमा करार सेवामा हालसम्म कार्यरत सम्पूर्ण कर्मचारीहरुको काम सन्तोषजनक रहेकोले म्याद २०८१ असार मसान्तसम्मको लागि थप गर्ने निर्णय गरियो । |
| १२ | प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि Orientation(अभिमुखिकरण) प्रत्येक वडामा वडा अध्यक्षसँग समन्वय गरि गर्ने निर्णय गरियो । |
| १३ | व्यवसायीक प्रशिक्षण केन्द्र बुटवलको च.नं.१०५ मिति २०८०/११/१० को पत्र बमोजिम निःशुल्क व्यावसायीक तालिम सञ्चालनको लागि गाउँपालिकाको सभाहल उपलब्ध गराउने र फोकल पर्सन अधिकृत श्री नवराज घिमिरे तोकी तपशिल बमोजिमका तालिम छनौट गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>१. प्लम्बिङ आधारभूत<br>२.इलेक्टिकल मोटर रिवाइन्डिङ आधारभूत<br>३. कटाइ सिलाइ एडभान्स |

१४ गुल्मीदरबार गाउँपालिकाबाट मिति २०८०।०८।२४ गते देखि २०८०।०९।०४ गते सम्म ७ वटै वडाहरुमा संचालन भएको एकीकृत घुम्ती सेवाको प्रगती विवरण देहाय बमोजिम रहेको छ । एकिकृत घुम्ति शिविर सञ्चालनबाट गाउँपालिकाका नागरिकहरुको समय, पैसाको बचत सँगै घरदैलो मै सेवा पाउँदा उत्साहित रुपमा सहभागिता जनायको पाइयो ।

| विवरणवडा/ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| योजना सम्झौता | १६ | २४ | १७ | २८ | १८ | १७ | २९ | १४९ |
| व्यवसाय दर्ता तथा नवीकरण | ४० | ४२ | ८ | ४३ | ३८ | २१ | ४१ | २३३ |
| जेष्ठ नागरिक परिचय पत्र वितरण | ५ | १८७ | २८ | ५७ | ३८ | ११ | ३ | ३२९ |
| निशुल्क स्वास्थ्य परिक्षण र औषधी | ५७ | ११० | ७३ | १३६ | १०० | ७० | ११४ | ६६० |
| माटो परिक्षण | २ | २ | ९ | १६ | ६ | २३ | १३ | ७१ |
| पशुपंक्षी सम्बन्धी परामर्श तथा औषधी वितरण | ८० | १०६ | ९२ | १७५ | ९० | ८२ | १२६ | ७५१ |
| अपाङ्ग परिचय पत्र वितरण | ५ | ४ | ४ | २ | १ | ४ | १ | २१ |
| जम्मा | २०६ | ४७७ | २३४ | ४६१ | २९६ | २३४ | ३३४ | २२४२ |

| | |
|---|---|
| १५ | गुल्मीदरबार गाउँपालिकाले नागरिकहरुलाई खाद्यसुरक्षा र सहुलियत दरमा उपलब्ध गराउनको लागि गुल्मीदरबार गाउँपालिका वडा नं. ३ को गौंडाकोटमा खाद्यडिपो सञ्चालन गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो । |
| १६ | गुल्मीदरबार गाउँपालिका वडा नं. ५ निवासी महेश श्रेष्ठ मृगौला सम्बन्धी रोग लागि उपचार गरिरहेको हुँदा निजलाई आर्थिक सहयोग रु.३००००।- उपलब्ध गराउने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत